# रोङ गाउँपालिका

## इलाम, कोशी प्रदेश, नेपाल

## गाउँ कार्यपालिकाको बैठक

मिति : २०८२/०६/०८

बैठक संख्या : ०४-२०८२/०८३

समय : बिहानको १०:३० बजेदेखि

आज मिति २०८२ असोज ०८ गते बुधबारका दिन रोङ गाउँपालिकाका अध्यक्ष श्री मनि कुमार स्याङ्बो ज्यूको अध्यक्षता तथा देहायको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी निम्नानुसारको निर्णय गरियो :

**उपस्थिति :**

| क्र. सं. | नाम, थर | पद | सम्पर्क नं. | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | श्री मनि कुमार स्याङ्बो | अध्यक्ष | ९८५२६७८७३२ | [signature] |
| २ | श्री विष्णुमाया खवास | उपाध्यक्ष | ९८४४६३१५१७ | [signature] |
| ३ | श्री मनोहरि खड्का | १ नं. वडा अध्यक्ष | ९८५२६४०५७० | [signature] |
| ४ | श्री चन्द्र शेखर घिमिरे | २ नं. वडा अध्यक्ष | ९८१६९५३४९३ | [signature] |
| ५ | श्री मातृका बराल | ३ नं. वडा अध्यक्ष | ९८४२६२४११४ | [signature] |
| ६ | श्री राज कुमार लाप्चा | ४ नं. वडा अध्यक्ष | ९८१४०४०२९४ | [signature] |
| ७ | श्री दल बहादुर पुलामी | ५ नं. वडा अध्यक्ष | ९८४१७००३४० | [signature] |
| ८ | श्री सत्यम राई चौरासे | ६ नं. वडा अध्यक्ष | ९८६४९१२३२ | [signature] |
| ९ | श्री नानू तामाङ | कार्यपालिका सदस्य | ९८१४९१२२३१ | [signature] |
| १० | श्री मिनादेवी तामाङ | कार्यपालिका सदस्यं | ९८२४९६७९६२ | मिना |
| ११ | श्री लक्ष्मी नेपाली | कार्यपालिका सदस्य | ९८१४०८७४७१ | [signature] |
| १२ | श्री इन्दिरा देवी विश्वकर्मा | कार्यपालिका सदस्य | ९८०४९२९०९९ | [signature] |
| १३ | श्री युवराज खापुवा राई | कार्यपालिका सदस्य | ९८४२६६८३१४ | [signature] |
| १४ | श्री दया कुमारी दियाली | कार्यपालिका सदस्य | ९८१६०३२६०७ | दया |
| १५ | श्री विनोद कुमार चौहान | सचिव | ९८५२६४२०२० | [signature] |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

# रोङ गाउँपालिका

## इलाम, कोशी प्रदेश, नेपाल

## गाउँ कार्यपालिकाको बैठक

मिति : २०८२/०६/०८

**बैठक संख्या :** ०४-२०८२/०८३

समय : बिहानको ११:३० बजेदेखि

प्रस्ताव १ : अघिल्लो बैठकको निर्णय कार्यान्वयनको समीक्षा सम्बन्धमा ।

निर्णय १ : कार्यपालिकाको मिति : २०८२/०५/२४ गतेको बैठकको निर्णय कार्यान्वयनको सम्बन्धमा समीक्षा गरियो ।

प्रस्ताव २ : सेवा प्रवाहको समीक्षा सम्बन्धमा ।

निर्णय २ : गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालय, स्वास्थ्य संस्था तथा गाउँ कार्यपालिका मातहतका अन्य कार्यालयबाट भइरहेका सेवा प्रवाहको समीक्षा गरियो । कमी कमजोरीहरु हटाउँदै अघि बढ्ने निर्णय गरियो ।

प्रस्ताव ३ : आर्थिक तथा प्रशासनिक कामकारबाहीहरुको अनुमोदन गर्ने सम्बन्धमा ।

निर्णय ३ : रोङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयबाट चालू आर्थिक वर्ष २०८२/०८३ मा हालसम्म भएका योजना तथा कार्यक्रमको भुक्तानीका साथै नियमित तथा आकस्मिक प्रकृतिका सम्पूर्ण आर्थिक कारोबार तथा प्रशासनिक कामकारबाहीहरुलाई अनुमोदन गर्ने ।

प्रस्ताव ४ : एघारौं सुरक्षित गर्भपतन सेवा दिवस कार्यक्रम गर्ने सम्बन्धमा ।

निर्णय ४ : रोङ गाउँपालिका, स्वास्थ्य शाखाबाट कोल्बुङ स्वास्थ्य चौकी र इरौंटार स्वास्थ्य चौकीमा एघारौं सुरक्षित गर्भपतन सेवा दिवस कार्यक्रम मिति : २०८२/०६/१० गते आयोजना गर्ने ।

उक्त कार्यक्रम आयोजना गर्न अनुमानित रु. १०,०००।- चालू आर्थिक वर्ष २०८२/०८३ का लागि स्वास्थ्यतर्फ विनियोजित 'स्वास्थ्य सचेतना, स्वास्थ्य सम्बन्धी दिवस, समीक्षा, तथ्याङ्क संकलन तथा स्वास्थ्य सम्बन्धी विभिन्न गतिविधिहरु गर्न तथा सशर्त अनुदानका विभिन्न कार्यक्रमहरुमा विनियोजित बजेटमा अपुग भएको बजेटसम्म व्यवस्थापन आवश्यकता अनुसार खर्च गर्न मिल्ने' (बास्केट मनी) मा रहेको रु. ४,००,०००।- बाट व्यहोर्ने ।

प्रस्ताव ५ : गुरु किसान शिक्षाको लागि पाठ्यक्रम तयार गर्ने सम्बन्धमा ।

निर्णय ५ : रोङ गाउँपालिकाका गुरु किसानहरुलाई प्रशिक्षण गर्नका लागि पाठ्यक्रम तयार गर्ने । सो प्रयोजनका लागि व्यक्तिगत रुपमा विज्ञ व्यक्तिको सेवा खरिद गर्ने ।

प्रस्ताव ६ : वडा नं. २ को वडा कार्यालय पुनर्निर्माण गर्ने सम्बन्धमा ।

कुमार चौहान
प्रमुख प्रशासकीय अधिकृत

निर्णय ६ : २०८२ साउन २३ र २४ गते नेपालभर भएको Gen-Z आन्दोलनका क्रममा रोङ गाउँपालिका, वडा नं. २ को कार्यालयमा आगजनी तथा तोडफोड भई कार्यालय सञ्चालन गर्न समस्या उत्पन्न भएको र उक्त घट्नाबाट भएको क्षतिका सम्बन्धमा गाउँपालिकाका जिम्मेवार पदाधिकारी तथा कर्मचारीहरुबाट स्थलगत भ्रमण भई आवश्यक विवरण समेत संकलन भइसकेको अवस्थामा तत्कालका लागि उक्त भवनको बैठक कक्षमा आवश्यक फर्निचर तथा अन्य सामाग्री जुटाई त्यहींबाट सेवा सुचारु गर्ने । तत्काल बिजुली तथा इन्टरनेटको प्रबन्ध गर्ने र आवश्यक स्रोत जुटाई भवनको पुनर्निर्माण वा मर्मत कार्य गर्ने ।

प्रस्ताव ७ : अञ्जना तामाङलाई थप आर्थिक सुविधा प्रदान गर्ने सम्बन्धमा ।

निर्णय ७ : वडा नं. ६ को वडा कार्यालयका कार्यालय सहयोगी श्री अस्मिता सुनुवार मिति : २०८२/०१/०१ गतेबाट असोज ६ गतेसम्म सुत्केरी बिदामा रहेकोले निजले गर्दै आएका कामहरु सोही कार्यालयमा सामाजिक परिचालकका रुपमा कार्यरत श्री अञ्जना तामाङले गर्ने गरी थप जिम्मेवारी दिए बापत् अञ्जना तामाङले साबिकमा पाउँदै आएको तलब, भत्ताका अतिरिक्त प्रति महिना रु. ३,०००।- का दरले २०८२ असार, साउन र भदौ गरी ३ महिनाको जम्मा रकम रु. ९,०००।- प्रोत्साहन स्वरुप अञ्नना तामाङलाई भुक्तानी दिने । (स्रोत : करार सेवा शुल्क)

प्रस्ताव ८ : वडा नं. ३ को लागि खानेपानीको पाइप खरिद गरी वितरण गर्ने सम्बन्धमा ।

निर्णय ८ : स्वीकृत लागत अनुमान बमोजिम वडा नं ३ लाई खानेपानीको पाइप खरिद गरी वितरण गर्ने ।

प्रस्ताव ९ : पार्किङ शुल्क संकलन गर्ने सम्बन्धमा ।

निर्णय ९ : अर्को व्यवस्था नभएसम्मको लागि कार्यालयका कर्मचारी खटाएर रोङ ३ हाँसपोखरीस्थित पार्किङ स्थलबाट पार्किङ शुल्क संकलन गर्ने ।

प्रस्ताव १० : निकासी कर संकलन गर्ने सम्बन्धमा ।

निर्णय १० : निकासी कर संकलन गर्नका लागि छापिएको बिल वडाहरुमा पठाउने र अर्को व्यवस्था नभएसम्मको लागि वडाले नै निकासी कर संकलन गर्ने ।

प्रस्ताव ११ : हाँसपोखरीस्थित स्टलहरु भाडामा लगाउने सम्बन्धमा ।

निर्णय ११ : गाउँपालिकाद्वारा निर्मित हाँसपोखरीस्थित स्टलहरु भाडामा दिने सम्बन्धमा सम्झौता प्रकृया अगाडि बढाउने ।

प्रस्ताव १२ : अति जरुरी बाहेका कार्यक्रम तथा योजना स्चालन नगर्ने सम्बन्धमा ।

निर्णय १२ : अर्को निर्णय नभएसम्मका लागि अति जरुरी बाहेकका कार्यक्रम तथा योजनाहरु सञ्चालन नगर्ने । त्यस्ता कार्यक्रम तथा योजना कार्यान्वयन गर्नै परे यस कार्यालयसँग सम्पर्क गरेर मात्र कार्यान्वयन गर्ने ।

विनोद कुमार चौहान
प्रमुख प्रशासकीय अधिकृत

प्रस्ताव १३ : शाखागत जिम्मेवारीको अस्पष्टता सम्बन्धमा ।

निर्णय १३ : अपाङ्गता, बालबालिका, न्यायिक समिति, महिला तथा बालबालिका सम्बन्धी महिला तथा बालबालिका शाखाको अगुवाइमा सञ्चालन गर्ने ।

प्रस्ताव १४ : स्वास्थ्य शाखा प्रमुखलाई अपाङ्गता समन्वय समितिमा राख्ने सम्बन्धमा ।

निर्णय १४ : स्वास्थ्य शाखा प्रमुखलाई अपाङ्गता समन्वय समितिमा राख्ने ।

प्रस्ताव १५ : शान्ति निकेतनको खेलमैदान मर्मत गर्ने सम्बन्धमा ।

निर्णय १५ : वर्षा सकिएपछि शान्ति निकेतनको खेलमैदान मर्मत गर्ने ।

प्रस्ताव १६ : 'KUTIDANDA' लेखेको ठाउँमा फूल टाँसेबापतको रकम भुक्तानी दिने सम्बन्धमा ।

निर्णय १६ : रोङ गाउँपालिका, वडा नं, - ३ कुटीडाँडा चोकमा 'KUTIDANDA' लेखेको ठाउँमा फूल टाँसेबापत् आवश्यक कागजात बमोजिम बढीमा रु. २८,०००।- भुक्तानी दिने । (स्रोत : विविध कार्यक्रम खर्च)

प्रस्ताव १७ : रुख कटान तथा ओसारपसार सम्बन्धमा ।

निर्णय १७ : अर्को निर्णय नभएसम्मको लागि रोङ गाउँपालिकाभित्रका निजी तथा आवादी वनका रुखबिरुवाहरु आवश्यक प्रकृया पूरा गरी २०८२ कार्तिक १ गतेबाट २०८३ वैशाख मसान्तसम्ममा कटान, घाटगादी तथा स्थानान्तरण गर्ने कार्य गरिसक्नुपर्ने ।

प्रस्ताव १८ : पाइप खरिद तथा वितरण सम्बन्धमा ।

निर्णय १८: वडा नं. ६ को विभिन्न स्थानका लागि 25mm को पाइप १६०० मिटर खरिद गरी वितरण गर्ने

प्रस्ताव नं. १९

मौलो पूजाको लागि आर्थिक सहयोग गर्ने सम्बन्धमा ।

निर्णय नं. १९

यस रोङ गाउँपालिका क्षेत्रभित्रका सुरक्षा निकायहरु तथा यस रोङ गाउँपालिका क्षेत्र समेतलाई कार्यक्षेत्र बनाई कार्यरत सुरक्षा निकायहरुलाई बडादशैं, २०८२ को अवसरमा मौलो पूजा गर्नका लागि प्रति सुरक्षा निकाय रु. १०,०००।- का दरले आर्थिक सहयोग गर्ने । (श्रोत : आर्थिक सहायता)

प्रस्ताव नं. २०

करारमा कर्मचारी नियुक्त गर्ने सम्बन्धमा ।

निर्णय नं. २०

रोङ गाउँपालिका, वडा नं. ४ र ६ मा स्थापना भएका पशुपंक्षी निगरानी केन्द्रमा रहने गरी करारमा २ जना पशुसेवा प्राविधिक (स्वयंसेवक) नियुक्ति प्रकृया अगाडि बढाउने । चालू आर्थिक वर्ष २०८२/०८३ को

लागि स्वीकृत बजेटमा 'चेकपोष्ट स्वयंसेवकको तलबभत्ता चाडपर्व र पोशाक सहित' शीर्षकमा रहेको रु. ४,३७,८३०।- बाट खर्च गर्ने।

प्रस्ताव नं. २१

आर्थिक सहयोग गर्ने सम्बन्धमा।

निर्णय नं. २१

देहायका व्यक्ति तथा संस्थाहरुलाई देहाय बमोजिम आर्थिक सहयोग गर्ने (श्रोत : आर्थिक सहायता):

| क्र. सं. | सहयोग पाउनेको नाम, थर | सहयोग गर्नुपर्ने कारण | सहयोग रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | गीता कार्की, रोङ -१, इलाम | औषधी उपचार | १०,०००।- | |
| २ | धन कुमारी अधिकारी, रोङ -१, इलाम | औषधी उपचार | १०,०००।- | |
| ३ | नेत्र बहादुर विश्वकर्मा, रोङ -३, इलाम | छोरा दिल बहादुर विश्वकर्माको काजकिरीया खर्च | २०,०००।- | |

प्रस्ताव नं. २४

अस्थायी प्रहरी चौकी मर्मत तथा रंगरोगन गर्ने सम्बन्धमा।

निर्णय नं. २४

२०८२ भदौ २३ र २४ मा भएको Zen G आन्दोलनका क्रममा क्षतिग्रस्त भएको रोङ गाउँपालिका वडा नं. २ को अस्थायी प्रहरी चौकीको मर्मत तथा रंगरोगन गर्ने (श्रोत : आर्थिक सहायता)

प्रस्ताव नं. २४

सूचना प्रविधि अधिकृतलाई अधिकृतस्तर सातौं तहको सुविधा सहित कामकाज गराउने सम्बन्धमा।

निर्णय नं. २४

'स्थानीय तहमा सूचना प्रविधि अधिकृत परिचालन सम्बन्धी कार्यविधि, २०८२' को दफा ६ बमोजिम यस रोङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयमा कार्यरत सूचना प्रविधि अधिकृतलाई स्थानीय तहको अधिकृत सातौं तहको सुविधा सहित कामकाज गराउने। यस निर्णय अनुसारको सुविधा मिति : २०८२/०५/१९ गतेबाटै लागू हुने।

प्रस्ताव नं. २५

शान्ति निकेतन मा. वि. को चियाबगान सरसफाई तथा गोडमेल गर्ने सम्बन्धमा।

निर्णय नं. २५

रोङ गाउँपालिका, वडा नं. – ३ स्थित श्री शान्ति निकेतन माध्यमिक विद्यालयको स्वमित्वमा रहेको चिया बगानको सरसफाई तथा गोडमेल कार्य गर्न लगाउने। उक्त कार्य गराई, अनुगमन समेत गरी आवश्यक

कागजात सहित रकम भुक्तानी माग गर्ने जिम्मा कृषि विकास शाखालाई दिने। उक्त कार्य गरे बापतको खर्च आवश्यक कागजातका आधारमा 'विविध खर्च' शीर्षकबाट भुक्तानी दिने।

प्रस्ताव नं. २६

भेरिएसन आदेश स्वीकृत गर्ने सम्बन्धमा।

निर्णय नं. २६

कुटीडाँडा र हाँसपोखरी सौन्दर्यकरण (RRM/ILAM/NCB/WORKS/2081-082-06) योजनाको भेरिएसन आदेश नं. १ स्वीकृत गर्ने।

प्रस्ताव नं. २७

अनलाईन सर्वे टुल्स निर्माण गर्ने सम्बन्धमा।

निर्णय नं. २७

देहायका सर्वे टुल्सहरु निर्माण गरी प्रयोगमा ल्याउने (स्रोत : विभिन्न सफ्टवेयर, ववेवसाइट एप्लिकेशन र सर्वे टुल्स निर्माण) :

देहाय :

- ✓ टोल विकास संस्थाको व्यवस्थापकीय पक्ष अध्ययन
- ✓ टोल विकास संस्थाहरुबाट भएको श्रमदानको विवरण संकलन
- ✓ आँखा तथा कान सम्बन्धी शिविरको विवरण संकलन
- ✓ करसोङ पदमार्ग सरसफाई कार्यक्रमको हाजिरी

---

*स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ को उपदफा (२) को देहाय (ज) बमोजिम प्रमुख प्रशासकीय अधिकृतको हैसियतले गाउँ कार्यपलिकाको बैठकको निर्णय प्रमाणित गर्दछु।*

*सही :*

*नाम : विनोद कुमार चौहान*

*पद : प्रमुख प्रशासकीय अधिकृत*